लोक सेवा आयोग

नेपाल विद्युत प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, पाँचौं, मिटर रिडिङ सुपरभाइजर पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०२।२९

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

**विषय : सेवा सम्बन्धी विस्तृत ज्ञान**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क"

५० अङ्क

१. कार्यालयका सहायक कार्य तथा प्रशासकीय व्यवस्थापन सम्बन्धी कार्यहरू उल्लेख गर्नुहोस् । ५

२. अभिलेख व्यवस्थापनको महत्त्व वर्णन गर्दै सूचना तथा सञ्चार प्रविधिले अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन कसरी सघाउ पुर्‍याउन सक्छ? प्रष्ट पार्नुहोस् । ३+२=५

३. कर्मचारीको कार्यसम्पादन मूल्यांकनलाई एउटा स्वचालित आवधिक प्रणालीको रूपमा सुधार गर्न के के गर्नुपर्छ? आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् । ५

४. सरकारी बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू के के हुन्? उल्लेख गर्नुहोस् । ५

५. सार्वजनिक सेवा प्रवाह भनेको के हो? सेवाग्राहीको अधिकार सुनिश्चित गर्न सेवा प्रदायकको भूमिका कस्तो हुनुपर्दछ? चर्चा गर्नुहोस् । २+३=५

६. आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणाली बीचको भिन्नता उदाहरण सहित प्रष्ट पार्नुहोस् । ५

७. जलविद्युतको विकासमा नेपाल विद्युत प्राधिकरणले खेलेको भूमिकाको चर्चा गर्दै यस क्षेत्रमा आन्तरिक एवम् बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने नेपाल सरकारको रणनीतिलाई प्राधिकरणले कसरी सहयोग पुर्‍याउन सक्छ? सुझाव दिनुहोस् । ५+५=१०

८. संस्थागत सुशासन (Corporate Governance) को परिचय दिँदै यसको आवश्यकता प्रष्ट्याउनुहोस् । साथै, ग्राहक सन्तुष्टि मापनका आधारहरू प्रस्तुत गर्नुहोस् । ३+४+३=१०

## खण्ड "ख"

५० अङ्क

९. मौलिक हक भनेको के हो? नेपालको संविधान बमोजिम मौलिक हक हनन् भएमा के-कसरी उपचार प्राप्त गर्न सकिन्छ? लेख्नुहोस् । २+३=५

१०. विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम आयोगको मुख्य मुख्य कार्यहरू जानकारी गराउनुहोस् । ५

११. नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ अनुसार कर्मचारी बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्थाहरू उल्लेख गर्नुहोस् । ५

१२. नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरूले पालना गर्नुपर्ने आचरणहरू बुँदागत रूपमा लेख्नुहोस् । ५

१३. विद्युत ऐन, २०४९ बमोजिम कस्तो अवस्थामा विद्युत सेवा बन्द गर्न सकिन्छ? खुलाउनुहोस् । ५

१४. कस्ता व्यक्तिहरू नेपाल विद्युत प्राधिकरणको सञ्चालक हुन वा कायम रहन सक्दैनन्? लेख्नुहोस् । ५

१५. नेपालमा भ्रष्टाचार वृद्धि हुनुका कारण उल्लेख गर्दै यसको नियन्त्रण गर्न चाल्नुपर्ने कदमहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०

१६. वातावरणको परिचय दिँदै वातावरण संरक्षण ऐन, २०७६ ले विकास आयोजना सञ्चालन गर्दा वातावरण संरक्षणका लागि के-कस्ता कार्य गर्नुपर्ने व्यवस्था गरेको छ? छोटकरीमा उल्लेख गर्नुहोस् । २+८=१०

:: समाप्त ::

लोक सेवा आयोग
नेपाल विद्युत प्राधिकरण, प्रशासन, प्रशासन/लेखा, प्रशासन/लेखा, पाँचौं, मिटररिडिङ
सुपरभाइजर/लेखापाल पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०८२।०२।१५

पत्र : प्रथम
समय : २ घण्टा

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, गणित र कम्प्युटर

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

विषयगत

समय: १ घण्टा १५ मिनेट
अङ्क: ५०

खण्ड "क" — ३० अङ्क

१. नेपालमा जनआन्दोलन-२ हुनुका कारणहरू वर्णन गर्नुहोस् । ५

२. नेपाली वास्तुकलामा प्रचलित शिखर शैलीका विशेषताहरू उदाहरणसहित प्रस्तुत गर्नुहोस् । ५

३. नेपालमा जलवायु परिवर्तनले पारेको प्रभावहरू वर्णन गर्नुहोस् । ५

४. नेपालको विकासमा वैदेशिक रोजगारीले पारेका सकारात्मक प्रभावहरू वर्णन गर्नुहोस् । ५

५. नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदान र सम्भाव्यतामाथि प्रकाश पार्नुहोस् । २.५+२.५=५

६. जलविद्युतको विकासमा नेपाल विद्युत प्राधिकरणले सामना गर्नु परेका प्रमुख चुनौतीहरू उल्लेख गर्नुहोस् । ५

खण्ड "ख" — २० अङ्क

७. एउटा पसलेले कुनै सामान २० प्रतिशत छुट दिइ बेच्दा रू. २०० घाटा हुन्छ । यदि उसले सो सामान १० प्रतिशत मात्र छुट दिइ बेचेको भए रू. १५० नाफा हुने थियो भने सो सामानको क्रय मूल्य पत्ता लगाउनुहोस् । ५

८. दुई संख्याहरू क्रमशः १० प्रतिशत र २५ प्रतिशतले तेस्रो संख्या भन्दा बढी छन् भने पहिलो संख्या र दोस्रो संख्याको अनुपात कति छ? पत्ता लगाउनुहोस् । ५

९. १५ वटा संख्याहरूको औषत (Average) १२ छ । दुईवटा संख्याहरूलाई हटाउँदा औषत ११ हुन्छ । यदि हटाइएका दुईवटा संख्याहरूको अन्तर ३ छ भने ती दुई संख्याहरू पत्ता लगाउनुहोस् । ५

१०. कुनै काम १० जना कामदारहरूले २० दिनमा गर्न सक्छन् । तिनीहरूले काम सुरू गरेको कति दिनपछि ५ जना कामदारले काम गर्न छाडे भने सो काम सक्न ३५ दिन लाग्छ होला? निकाल्नुहोस् । ५

:: समाप्त ::

लोक सेवा आयोग

# नेपाल विद्युत प्राधिकरण, प्रशासन, लेखा, लेखा, पाँचौं, लेखापाल पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।०२।१६

पत्र: [illegible]
समय: २ घण्टा ३० मिनेट
पूर्णाङ्क: १००

## विषय: सेवा सम्बन्धी विस्तृत ज्ञान

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. लेखांकन त्रुटीका प्रकार र त्रुटी सुधार गर्ने तरिका उल्लेख गर्नुहोस् । २+३=५

२. नगद प्रवाह विवरण तयार गर्ने प्रत्यक्ष र अप्रत्यक्ष विधिबिचको भिन्नता लेख्नुहोस् । ५

३. आन्तरिक नियन्त्रण (Internal Control) का सन्दर्भमा अनुसरण गरिने COSO Framework का पाँचवटा मुख्य तत्त्वहरूको संक्षिप्त परिचय दिनुहोस् । ५

४. पूँजीगत बजेट तर्जुमा गर्ने प्रक्रिया संक्षिप्तमा व्याख्या गर्नुहोस् । ५

५. कार्यसम्पादन जमानत भनेको के हो? यसका लागि बैंक जमानत स्वीकार गर्दा ध्यान दिनुपर्ने विषयहरू के के हुन्? लेख्नुहोस् । २+३=५

६. टिप्पणी लेखन भन्नाले के बुझिन्छ? कार्यालयमा यसको आवश्यकता किन पर्दछ? स्पष्ट गर्नुहोस् । २+३=५

७. ह्रासकट्टी भन्नाले के बुझिन्छ? यसको महत्त्व दर्साउदै ह्रासकट्टी गर्ने कुनै दुई विधिहरूको उदाहरणसहित वर्णन गर्नुहोस् । २+३+५=१०

८. सार्वजनिक खरिद व्यवस्थापनको महत्वमाथि प्रकाश पार्दै लागत अनुमान कसरी तयार गरिन्छ? प्रष्ट पार्नुहोस् । ५+५=१०

### खण्ड "ख" — ५० अङ्क

९. नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०७५ (संशोधन २०८१ सहित) अनुसार प्राधिकरण अवकाश कोष कट्टी र फिर्तासम्बन्धी व्यवस्था संक्षेपमा जानकारी दिनुहोस् । ५

१०. विद्युत चोरी नियन्त्रण ऐन, २०५८ अनुसार अनुसन्धान अधिकारीको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् । ५

११. नेपाल विद्युत प्राधिकरण विद्युत महसुल संकलन विनियमावली, २०७८ अनुसार उपभोक्ताको वर्गीकरणमा ग्राहस्थ वर्गमा के-कस्ता उपभोक्ताहरू पर्दछन्? जानकारी दिनुहोस् । ५

१२. नेपाल विद्युत प्राधिकरणको प्रचलित आर्थिक प्रशासनसम्बन्धी विनियमावलीअनुसार बोलपत्रउपर कारबाही नहुने अवस्थाहरू खुलाउनुहोस् । ५

१३. आयकर ऐन, २०५८ बमोजिम अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी के के हुन्? लेख्नुहोस् । ५

१४. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार नेपाल विद्युत प्राधिकरणका मुख्य कामहरू के के हुन्? जानकारी गराउनुहोस् । ५

१५. लेखापरीक्षणका सिद्धान्तहरू संक्षिप्तमा वर्णन गर्दै लेखापरीक्षण ऐन, २०७५ अनुसार नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणसम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् । ६+४=१०

१६. नेपाल विद्युत प्राधिकरणका कर्मचारीले पालना गर्नुपर्ने अनुशासन र आज्ञापालनसम्बन्धी व्यवस्था संक्षिप्तमा उल्लेख गर्दै कस्तो अवस्थामा दुईदेखि पाँच तलब वृद्धि रोक्का गर्ने वा दुईदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिन्छ? बुँदागत रूपमा लेख्नुहोस् । ५+५=१०

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल विद्युत प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, पाँचौं, मिटररिडिङ सुपरभाइजर पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।०२।१७

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

## विषय : सेवा सम्बन्धी विस्तृत ज्ञान

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. नेपालमा जलविद्युत उत्पादनको क्षेत्रमा निजी क्षेत्रको भूमिका बृद्धि गर्न के-कस्ता कार्य गर्न आवश्यक देख्नुहुन्छ? उल्लेख गर्नुहोस् । ५

२. सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका र सेवाग्राहीका दायित्वहरू के के हुन्? वर्णन गर्नुहोस् । ३+२=५

३. माग फारामको परिचय दिँदै जिन्सी व्यवस्थापनमा यसको महत्व दर्शाउनुहोस् । २+३=५

४. कर्मचारी प्रशासनका मुख्य मुख्य कार्यहरू उल्लेख गर्नुहोस् । ५

५. कार्यालयमा नागरिक बडापत्र राख्दा क-कसलाई के-कस्तो फाइदा पुग्दछ? वर्णन गर्नुहोस् । ५

६. आन्तरिक लेखापरीक्षण (Internal Audit) र अन्तिम लेखापरीक्षण (Final Audit) बिचका भिन्नताहरू स्पष्ट गर्नुहोस् । ५

७. नेपालको सन्दर्भमा बजेट कार्यान्वयनमा देखिएका समस्याहरू औंल्याउँदै ती समस्या समाधानका उपायहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०

८. नेपाल विद्युत प्राधिकरणका कर्मचारीको वृत्ति विकासका लागि गरिएका व्यवस्थाहरू उल्लेख गर्दै ती व्यवस्थाहरूलाई थप प्रभावकारी बनाउने उपायहरू वर्णन गर्नुहोस् । ५+५=१०

### खण्ड "ख" — ५० अङ्क

९. नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०७५ ले प्राधिकरणमा कार्यरत कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा के-कस्ता सामान्य र विशेष सजाय गर्न सकिने व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस् । ५

१०. नेपालको संविधानमा उल्लिखित नागरिकका कर्तव्यहरू प्रस्तुत गर्दै राज्यको दायित्व सम्बन्धमा संविधानमा के-कस्तो व्यवस्था गरिएको छ? लेख्नुहोस् । २+३=५

११. बेरुजु भनेको के हो? कार्यालयमा बेरुजु आउन नदिनका लागि के-कस्ता विषयमा ध्यान दिनुपर्दछ? प्रष्ट पार्नुहोस् । २+३=५

१२. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम साधारण सभाद्वारा निर्वाचित भएको सञ्चालक प्राधिकरणको सञ्चालक समितिबाट हट्ने अवस्थाहरू के के हुन्? खुलाउनुहोस् । ५

१३. जग्गा प्राप्ति ऐन, २०३४ ले सरकारले प्राप्त गर्ने जग्गाको मुआब्जा रकम निर्धारण गर्न तोकेको समितिको गठनसम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् । ५

क्रमशः

१४. वातावरण संरक्षण ऐन, २०७६ अनुसार जलवायु परिवर्तन (Climate Change) भन्नाले के बुझिन्छ? स्पष्ट गर्दै जलवायु परिवर्तनका प्रमुख कारणहरू औंल्याउनुहोस् । २+३=५

१५. सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित के-कस्ता सूचना प्रकाशन गर्नुपर्ने र के-कस्ता प्रकृतिका सूचना गोप्य राख्नुपर्ने व्यवस्था गरेको छ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् । ५+५=१०

१६. राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार के के रहेका छन्? उल्लेख गर्दै सो केन्द्रले देशमा सुशासन कायम गर्न खेल्न सक्ने भूमिका वर्णन गर्नुहोस् । ५+५=१०

:: समाप्त ::